शब्द : भागवत आचार्य
संगीत : राजु सिंह
स्वर : पारु लामा, धनुषा सिंह घले,
नवराज आचार्य र सन्तोष लामा

# विदेशको कमाइलाई आर्थिक विकासमा लगाऔँ

विदेश जाने दाजुभाइ दिदी-बहिनी सुनौँ न
विदेशको कमाइ लगानी गरी आम्दानी बढाउन

दु:खको कमाइ थप्नु छ आय लगानी गरेर
कृषि र पशु, उद्योगले दिन्छ आम्दानी बढेर
लगानी गरे उत्पादन बढ्छ रोजगारी देशमा
नत्र यो राखे भलाइ हुन्छ बैंकका खातामा

विदेशको कमाइ आर्थिक विकास गर्नमा लगाऊँ
जोगाए धन हुन्छ है लाभ, मोज-मस्ती नगरौँ

त्यो कमाइ बैंक, रेमिट संस्था सुरक्षित पठाउँछन्
कानुनी संस्था यिनले देशको सम्पत्ति बढाउँछन्
खुल्दैन स्रोत, अवैध हुण्डी प्रयोग गर्दामा
हराउँछ धन प्रमाण-निस्सा नहुँदा साथमा

हुण्डीले गुम्छ स्वदेशी पुँजी चाहिने देशलाई
विदेशको कमाइ उपयोग गरौँ समृद्ध बन्नलाई